पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. :३९८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्याः-
चलानी नं.:-
प्राप्त पत्र संख्या र मितिः-

२०८२ साल फाल्गुन १३ गते

## प्रेस विज्ञप्ति

### नेपाल र भारत सरकार बीच जैविक विविधता संरक्षण सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर



नेपाल र भारत सरकार बीच जैविक विविधता संरक्षण सम्बन्धी द्विपक्षीय समझदारी पत्रमा भारतको राजधानी नया दिल्लीमा हस्ताक्षर सम्पन्न भएको छ । नेपालका वन तथा वातावरण मन्त्री माननीय माधव प्रसाद चौलागाईं तथा भारतका वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्री श्री भुपेन्द्र यादवको समुपस्थितिमा नेपालका तर्फबाट भारतका लागि नेपालका राजदुत डा. शंकर प्रसाद शर्मा र भारतका तर्फबाट वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्रालयका सचिव श्री तन्मय कुमारले हस्ताक्षार गर्नु भएको थियो । उक्त अवसरमा नेपाल र भारत सरकारका उच्च पदस्थ अधिकृतहरुको समेत उपस्थिति रहेको थियो ।

नेपाल र भारत संयुक्त राष्ट्रसंघ अन्तर्गत जैविक विविधता लगायत विभिन्न वातावरण संरक्षण सम्बन्धी अन्तराष्ट्रिय महासन्धिको पक्षराष्ट्र भएका, दुवै राष्ट्रको सिमा जोडिएको क्षेत्रमा संरक्षित क्षेत्र र जैविक मार्ग रहेका तथा ती क्षेत्रमा हात्ती, गैंडा र बाघ लगायत थुप्रै वन्यजन्तुले स्वतन्त्र र निर्वाध रुपमा

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
EX: पो.ब.नं. :३९८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्याः-
चलानी नं.:-
प्राप्त पत्र संख्या र मितिः-

सिमा वारपार गर्ने हुनाले दुवै देशले संरक्षित क्षेत्र, जैविक विविधता र वन्यजन्तुको अपराध नियन्त्रणको क्षेत्रमा एक आपसमा समन्वय र सहकार्य गर्ने, जैविक विविधता सम्बन्धी साझा रणनीति अवलम्बन गर्ने, फिल्डमा कार्यरत कर्मचारीको क्षमता विकास गर्ने, सिमा वारपार क्षेत्रमा हुने वन्यजन्तुको चोरी शिकार तथा अवैध व्यापार नियन्त्रण र नियमन गर्ने, वन्यजन्तुको वारेमा अध्ययन अनुसन्धान तथा अनुगमन गर्ने तथा स्थानीयस्तरमा जनचेतना र क्षमता विकासका कार्य गर्न यस समझदारी पत्रले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

उक्त समझदारी पत्रको कार्यान्वयनले दुवै देशका सिमा आसपासको क्षेत्रमा नियमित गस्ती तथा वैठक आयोजना गरी अनुभव तथा ज्ञान आदान प्रदान गर्ने, असल अभ्यासको विकास र विस्तार गर्ने तथा वन्यजन्तु र अवैध व्यापार सम्बन्धमा तत्काल सुचना आदान प्रदान गरी दुवै देशको जैविक विविधता संरक्षणमा ठूलो टेवा पुग्ने आशा गरिएको छ । वन्यजन्तुको अन्तराष्ट्रिय अपराध नियन्त्रण र नियमन गर्नका लागि दुवै देशले वन्यजन्तु अपराध सम्बन्धी सुचना दक्षिण एशिया वन्यजन्तु कानून कार्यान्वयन संजाल (SAWEN) लाई आदानप्रदान गर्न सक्ने व्यवस्था समेत समझदारी पत्रमा गरिएको छ ।

नेपालको तर्फबाट उक्त समझदारीलाई कार्यान्वयन गर्नका लागि केन्द्रमा मन्त्रालय तथा मातहतका वन तथा भू-संरक्षण विभाग र राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग र स्थानीयस्तरमा सम्वन्धीत प्रदेशका वन तथा वातावरण मन्त्रालय, संरक्षित क्षेत्र र डिभिजनल वन कार्यालयले समन्वय र सहकार्य गर्नेछन् । कुनै एक राष्ट्रले कुटनीतिक माध्यमबाट लिखित जानकारी नगरेसम्म हरेक ५ वर्षमा स्वतः नवीकरण हुने तथा हरेक ३ वर्षमा पुनरावोलकन गर्ने व्यवस्था समझदारी पत्रमा गरिएको छ । समझदारी पत्र कार्यान्वयनको दौरानमा कुनै समस्या उत्पन्न भएमा आपसी समझदारीमा समाधान गर्ने व्यवस्था समेत समझदारी पत्रमा उल्लेख गरिएको छ ।

डा. महेश्वर ढकाल
सहसचिव
(प्रवक्ता)
२०८२ साल फाल्गुन १३ गते